**जन दायित्व बीमालेख**

# एन एल जी इन्स्योरेन्स कम्पनी लिमिटेड

**पो.ब.नं. : २०६००, लाजिम्पाट, काठमाडौं, नेपाल**

यस बीमा लेखको अनुसूचीमा उल्लेखित बीमित तथा व्यक्तिसँग कारोवार गर्दा प्रस्ताव र घोषणा अनुसार मन्जुर यसै करारको आधारमा **एन एल जी इन्स्योरेन्स कं. लि.** (यसपछि कम्पनी पनि भनिएको) लाई यसमा समावेश गरिएको उद्देश्यको लागि स्वीकार्य छ । यस बीमाको लागि अनुसूचीमा उल्लेखित अवधि र बीमा रकमको भुक्तानीको सम्बन्धमा पहिलो किस्ताको रूपमा उल्लेखित रकम बमोजिम संमिलान गर्न सकिनेछ र सोही आधारमा बीमा रकम फिर्ता गरिनेछ ।

अब यो बीमालेख यस कुराको प्रमाणित गर्दछ कि - यो कम्पनी यसमा समावेश गरिएका वा उल्लेख गरिएका शर्तहरूको पालना गर्नेछ र (जुन तिनीहरूको प्रकृति अनुरूप बीमितहरूको अधिकारलाई यहाँ उल्लेख भएअनुसार पुरा गरिने छ) यसरी निम्नलिखित घटनाहरूको सम्बन्धमा बीमितलाई बीमा रकमको क्षतिपूर्ति भुक्तानी गर्नको लागि बीमक कानूनी रूपमा जिम्मेवार हुनेछ :-

(क) दुर्घटनाद्वारा कुनै पनि व्यक्तिलाई शारीरिक रूपमा घाइते तुल्याएको अवस्थामा (बीमितको परिवारको सदस्य वा बीमितसँग काम गर्ने व्यक्ति त्यस्तो किसिमको दुर्घटना हुँदाको अवस्थामा वा दुर्घटना गराउन जिम्मेवार भएको अवस्थामा यो व्यवस्था लागु हुने छैन ।

(ख) दुर्घटनाको कारण बीमितको अधिनमा वा नियन्त्रणमा नभएर अर्कै व्यक्तिको नियन्त्रणमा भएको सम्पत्तिको प्रत्यक्ष रूपमा क्षति भएको अवस्थामा बीमित वा बीमितको सेवामा भएको कुनै व्यक्तिले सञ्चालन गरिरहेको अवस्थामा यो लागू हुने छैन ।

उल्लेख गरिएको अवधि भित्र अथवा कुनै पनि अवस्थामा बीमितद्वारा अथवा उसको माध्यमद्वारा कुनै पनि प्रकारको लापरवाही वा निजको साथमा रहेको संयन्त्रको दोष अथवा बीमितसँग प्रत्यक्ष रूपले सेवा व्यवसायमा संलग्न तल अनुसूचीमा उल्लेख गरिएको स्थानमा वा अनुसूचीमा उल्लेखित स्थानहरूमा, जसको सम्बन्धमा नयाँ नविकरण गरिएको किस्ता स्वीकार गर्न कम्पनी मन्जूर हुन सक्दछ ।

तर, यस अवस्थामा कम्पनीको दायित्व अन्तर्गत क्षतिपूर्ति भुक्तानीको सम्पूर्ण दावी कुनै पनि दावीकर्ताको वा कुनै पनि दावीकर्ता सदस्य वा दावीकर्ताहरूको सम्बन्धमा कुनै पनि दुर्घटनाबाट उत्पन्न कुनै पनि घटनाका सम्बन्धमा "दुर्घटना" भन्ने शब्दले एउटा घटनाबाट उत्पन्न वा सूचित तत्सम्बन्धि दुर्घटनाका अनुक्रमहरूलाई समेत बुझाउँछ) तल उल्लेखित अनुसूचीमा क्षतिपूर्तिको सीमालाई सिमित तथा विशिष्टिकरण (Specified) गरिएको छ ।

यसको अतिरिक्त कम्पनीको स्वीकृति लिएर यसै बीमासँग सम्बन्धित कानूनी गतिविधिहरूको लागि गरिएको सम्पूर्ण बीमितलाई पर्ने कानूनी खर्चहरू सम्बन्धि दायित्व कम्पनीले बहन गर्नेछ ।

बीमितिको मृत्यु सम्बन्धि घटना घटेको अवस्थामा कम्पनीको दायित्वको क्षतिपूर्तिको हुनेछ । बीमितको व्यक्तिगत प्रतिनिधिलाई यस बीमालेखको विषयसँग सम्बन्धि सीमा र शर्त अन्तर्गत अवलोकन कर्ताको रूपमा समेत लिन सकिने छ र यस बीमालेखका शर्त, अपवाद र अवस्थाको परिपूर्तिको लागि प्रयोग गर्न सकिनेछ ।

तर, कम्पनीले बीमा लेखमा थप गराइएको कुरालाई अनुमोदन वा स्वीकृति नदिएसम्म यहाँ उल्लेख गरिएको क्षतिपूर्ति निम्नलिखित अवस्थामा लागू हुनेछैन :-

(क) आगलागी वा विस्फोटनद्वारा सम्पत्तिलाई क्षति पुगेमा,

(ख) कुनै सम्पत्तिको स्थानान्तर गर्दा वा त्यसलाई आधार दिने कुराहरू कमजोर भई सम्पत्तिलाई क्षति पुगेमा,

(ग) शारीरिक रूपमा घाइते भएमा वा निम्न कुराहरूद्वारा सम्पत्तिलाई क्षति पुगेमा -

१. चालक, पशु वा स्वामित्व वा गाडीहरूको प्रयोग (ठेलागाडा बाहेक) साइकल, गाडी, जहाज, पानी जहाज वा हवाई जहाजहरू ।
२. लिफ्ट, डुँगा, क्रेन अथवा एलेभेटर ।
३. दोषपूर्ण स्वास्थ्य, व्यवस्थापन अथवा पानी प्रदुषण ।
४. बेचिएका चीजबीज, मर्मत गरिएका अथवा मर्मत गर्न आवश्यक भैसकेको आयातित वस्तु ।

(घ) शारीरिक रूपमा घाइते वा सम्पत्तिको क्षति जुन प्रत्यक्ष वा अप्रत्यक्ष रूपले उत्पन्न भएका हुने वा लडाई आक्रमण, विदेशी शत्रुहरूसँग शत्रुतापूर्ण व्यवहार (लडाई घोषित होस् वा अघोषित गृह युद्ध, आतंक, क्रान्ति, सरकार विरुद्ध विद्रोह अथवा सैनिकहरूद्वारा शक्ति सञ्चालन) ।

(ङ) पानी जहाज, डुँगा वा हवाई जहाजलाई क्षति ।

(च) श्रमिकहरूको क्षतिपूर्ति सम्बन्धि ऐन अन्तर्गत कुनै श्रमिक वा उसँग आश्रितहरूको दायित्व ।

(छ) करारका शर्तहरूसँग सम्बन्धित क्षतिपूर्तिको दायित्व जुन बीमित दायित्व माथि लागू हुन्छ जसमा बीमितहरू अन्य सन्दर्भमा यस अन्तर्गत पर्दैनन् ।

# शर्त

१. यस बीमालेख अनुरूप हरेक सूचना अथवा संचार यस कम्पनीको मुख्य कार्यालयद्वारा लिखित रूपमा दिइनेछ ।

२. निम्नलिखित कुराहरूका सम्बन्धमा कम्पनी जवाफदेही हुनेछैन :-

(क) यदि कुनै गलत तथ्य दिएमा वा वस्तुगत तथ्य प्रतावबाट मेटिएको भएमा ।

(ख) बीमा लागु भएपछि कुनै पनि कारणवश जोखिमको बृद्धि भएका कम्पनीले आफ्ना ग्राहकहरूलाई जुनसुकै अवस्थामा पनि सो बारे लिखित रूपमा जानकारी दिनेछ ।

३. बीमितले उचित होशियारीको अभ्यास गर्नु पर्नेछ, अर्थात योग्य कामदारहरूलाई काममा लगाउने, दुर्घटना रोक्न उपयुक्त सावधानीहरू अपनाउने जस्ता कार्यको साथै सम्वन्धि नीति नियम बमोजिम उचित कदमहरू चाल्ने काम गर्नु पर्छ । ताकि गृहवेष्ठित सम्पत्तिको रेखदेख, जडानहरू, संयन्त्रहरू र त्यससँग सम्वन्धित अरू कुराहरू राम्रो अवस्थामा रहने प्रवन्ध होस् । यदि कुनै कमजोरी वा दोष पत्ता लागेको अवस्थामा बीमितले त्यस्तो दोष वा खतरालाई सच्याउनु पर्छ वा सुधार्नु पर्छ र साथै परिस्थिति अनुरूप आवश्यक अरू होसियारी अपनाउनु पर्छ ।

४. किस्ता बीमितले बीमा अवधिमा आफ्नो सेवाद्वारा प्राप्त गर्ने पारिश्रमिक, तलब र अन्य आयको आधारमा बीमा शुल्क निर्धारित गरिने छ । त्यस्तो आयकर्ताको नाम, ज्याला/तलबको रकम र उसले प्राप्त गर्ने अरू आय ज्याला किताबमा प्रष्ट अभिलिखित हुनु पर्नेछ । बीमितले कम्पनीलाई त्यस्तो ज्याला/तलब किताब, ज्याला, तलबको र अन्य आयको दुरूस्त हिसाब किताब बीमाको अवधि समाप्त हुने एक महिना भित्र जुनसुकै हालतमा दिनु पर्नेछ । यदि आयको कुल रकम किस्ता बुझाईएको रकम भन्दा फरक परेमा यस प्रकार फरक परेको रकम समानुपातिक रूपले फेरी कम्पनीलाई बुझाउनु पर्नेछ, अथवा कम्पनीलाई पुन: प्रत्येक केशको अवस्था अनुरूप भुक्तानी दिनु पर्नेछ ।

५. बीमितले कम्पनीलाई दुर्घटना भएको तीन दिन भित्र वा दुर्घटना थाहा पाएपछि तुरून्त सूचना गर्नु पर्नेछ । यो जानकारी बीमित वा उसको प्रतिनिधिले कम्पनीलाई लिखित वा मौखिक सूचनाद्वारा दिई बीमासँग सम्बन्धित सम्पूर्ण कुराहरूको लागि दावी गर्न सक्नेछ । दावी लाग्न सक्ने कुनै हानी-नोक्सानी अथवा दोषपूर्ण संयन्त्र वा चिजहरू वा दावीको सन्दर्भमा आवश्यक र उपयोगी प्रमाण हुन सक्ने त्यस्ता वस्तुलाई बदल्न वा मर्मत गर्नु हुँदैन तथा यस्तो हुन नदिन बीमितले आफ्नो तर्फबाट अथक प्रयास गर्नु पर्नेछ । गृह परिवेष्ठित सम्पत्ति मेशिनरी, औजारहरू वा संयन्त्रहरूको दुर्घटनाको सम्बन्धमा कम्पनीले निरीक्षण नगरेसम्म र उसको राय नलिई कारण युक्त रूपले बदल्न वा मर्मत गर्नु हुँदैन । बीमितले अनुसन्धानको निमित्त आवश्यक जानकारी र सहयोगको लागि आफूसँग भएका सम्पूर्ण अभिलेखहरू कम्पनीलाई दिनेछ र कम्पनीले ठहर गरे बमोजिम दावीलाई निराकरण वा प्रत्याकरण गर्नेछ ।

६. कम्पनीको तर्फबाट लिखित प्राप्त नगरेसम्म बीमितले कुनै पनि दुर्घटनाबाट सृजित उत्तरदायित्वमा प्रवेश गर्न, कुनै पनि खर्च गर्न वा कानून समक्ष जान वा भुक्तानी निराकरण, व्यवस्थापन सम्बन्धि वा अन्य कुनै पनि कार्य गर्नु हुँदैन । कम्पनीले यस बीमालेख अनुरूप बीमा गरिएको कुनै पनि चीज कम्पनीले आफ्नो हितको सम्बन्धमा गरिने कानूनी कारवाही र निराकरणको सम्वन्धमा सम्बन्धित वस्तुको निरीक्षण गर्नेछ । कम्पनीले यसप्रकारको कानूनी कारवाही पहिले अथवा जुनसुकै अवस्थामा पनि यस बीमालेख अन्तर्गत कुनै पनि दावीको पुरा भुक्तानीको व्यवस्था मिलाउने छ । त्यसपछि दावी सम्बन्धि दायित्वका सम्पूर्ण प्रश्नको सम्वन्धमा बीमितको कुनै क्रियाकलाप देखापरेमा अथवा कम्पनीको नियम विपरित कुनै प्रकारका दावीहरू आएमा कम्पनी त्यस्ता क्रियाकलापको लागि जिम्मेवार हुने छैन ।

७. यदि कुनै अवस्थामा यस बीमालेखमा समावेश भएको दुर्घटना हुन गएमा यस प्रकारको खतरालाई समावेश गरिने अरू कुनै बीमाद्वारा बीमित प्रभावित होस् वा नहोस्, त्यस अवस्थामा त्यस्तो दुर्घटनाको सम्बन्धमा समानुपातिक भुक्तानी भन्दा बढी दिन कम्पनी जिम्मेवार रहने छैन ।

८. कम्पनीले बीमितलाई यस बीमा लेखको दायित्व निर्धारणको विषयमा उसले दिएको अन्तिम ठेगानामा रजिष्ट्रि पत्र पठाई ७ दिने सूचनाको खबर गर्नेछ र यसको शर्त ४ बमोजिम उल्लेख भएको समानुपातिक किस्ता व्यवस्थापन मागको लागि बोलावट गर्नेछ ।

९. यदि क्षति वा हानी-नोक्सानीको मात्रामा फरक देखिन आएमा फरक देखाउन आउने पक्षसँग यस सम्बन्धमा सम्बन्धित प्रश्नहरू छुट्टाछुट्टै स्वतन्त्ररूपले राखिने छ । यदि पक्षहरू कुनै एक मध्यस्थकर्तामा मन्जुर भएनन् भने दुई छुट्टाछुट्टै फरक व्यक्तिहरूलाई मध्यस्थकर्ताको रूपमा पक्षहरूको लिखतद्वारा नियुक्त गरिनेछ । यसले विवादकर्ताहरूसँग बसेर बैठक गर्नेछन् । यदि दुवै पक्षले लिखित सूचना पाएको दुई महिना भित्र पनि मध्यस्थकर्ताहरूको नियुक्ति गर्न असफल भएमा अर्को (तेस्रो) पक्ष सबैलाई मान्य हुने आधिकारीक मध्यस्थकर्ताको नियुक्ति गर्न स्वतन्त्र हुनेछ तथा मध्यस्थकर्ताहरूको बीचमा पनि कुनै असहमति देखा परेमा त्यस्तो असहमतिको निर्णय गर्न पक्षहरूको लिखित बमोजिम एउटा निर्णयकर्ता नियुक्त गरिनेछ जो मध्यस्थकर्ताहरू सँग सँगै बस्नेछ र बैठकको अध्यक्षता गर्नेछ । यदि कुनै पक्षको मृत्यु भएकोमा समेत मध्यस्थकर्ताहरू र निर्णयकर्ताहरूको आधिकारीक शक्तिमा कुनै फरक पर्ने छैन साथै मध्यस्थकर्ताहरू र निर्णयकर्ताको मृत्यु भएको अवस्थामा पक्षहरूले/मध्यस्थकर्ताहरूले प्रत्येक केशको लागि अर्को व्यक्ति नियुक्त गर्नेछ । यस कार्यको लागि लाग्ने लागत र पारितोषिकको सम्वन्धमा खुलस्त रूपले निर्णय घोषणा गर्नु भन्दा अघिनै उचित रूपमा विचार गरी गरिनेछ । यस प्रकारको निर्णयकर्ताहरू र मध्यस्थकर्ताहरूद्वारा प्राप्त गरिने पारितोषिक यस बीमालेखसँग मेल खानु पर्नेछ र सबैभन्दा पहिले नष्ट भएको वा क्षति भएको रकम प्राप्त हुनेछ । यस कम्पनीद्वारा बीमितलाई प्रदान गरिने यस बीमा लेख अन्तर्गतको दायित्व सम्बन्धि दावी त्यसरी दावी गरिएको एक वर्ष भित्र मध्यस्थकर्ता समक्ष पुऱ्याई त्यससँग सम्बन्धित कार्यहरू पुरा गरिसक्नु पर्नेछ, अन्यथा यस बीमा लेख अनुरूप सो दावी पुन: प्राप्त हुन सक्नेछैन ।